UMH
UNITED MODI HYDROPOWER

**युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड**
पहिलो तल्ला, हेरिटेज प्लाजा-२
कमलादी, का.म.न.पा. - २८, काठमाण्डौं
फोनः ०१-४१६९११४, फ्याक्सः ०१-४१६९११३
इमेलः unitedmodi@ntc.net.np वेबसाइटः www.umh.com.np

# वार्षिक साधारण सभा सम्बन्धी सूचना
## (प्रथम पटक प्रकाशित मिति २०८०/११/२४ गते)

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०८०/११/१३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०७९/८० को वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्नको लागि कम्पनीको वार्षिक साधारण सभा बोलाईएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदै उल्लिखित सभामा सहभागिता जनाई दिनु हुन सविनय अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, समय र स्थान :**

मिति : २०८० चैत्र २९ गते बिहिबार (तद्अनुसार ११ अप्रिल, २०२४)
समय : विहान ११:०० बजे।
स्थान : कालिमाटि व्यैङ्केट, कालीमाटी काठमाण्डौं ।

**२. छलफलका विषयहरु :-**

**क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/०८० का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८०/०८१ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. कम्पनीको सञ्चालक समितिमा ४ (चार) सञ्चालक पदको निर्वाचन सम्वन्धमा ।

CS CamScanner

५.	अन्य लगानीयोग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा सञ्चालक समितिलाई अख्तियारी दिने ।

**ख)	विशेष प्रस्ताव**

१.	यस कम्पनीको शेयर लगानी रहेको श्री युनाइटेड मेवा खोला हाइड्रोपावर प्रा. लि. द्वारा प्रवर्द्धित श्री मेवा खोला जलविद्युत आयोजना (५० मे. वा.) ("आयोजना") मा लगानी गर्नका लागि श्री विद्युत नियमन आयोगद्वारा मिति २०८०/१०/२२ मा दिएको सहमति बमोजिम कम्पनीको हाल कायम चुक्ता पुँजी रु. १,२३,०५,००,०००/- बमोजिमको शेयर संख्या १,२३,०५,००० कित्ता शेयर बराबर १ शेयरका दरले १:१ अनुपातमा हकप्रद शेयर जारी तथा निष्काशन गर्ने ।

२.	हकप्रद शेयर निष्काशनका लागि कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने तथा निष्काशन पश्चात चुक्ता पूँजी बृद्धि हुने भएकाले कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका आवश्यक दफाहरु संशोधन गर्ने तथा सो सम्वन्धि आवश्यक कार्यका लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

३.	हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय, लगायतका नियमनकारी निकायमा आवश्यक कार्य गर्नका कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

४.	माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरु कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्वन्धमा ।

**ग)	विविध ।**

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**

CamScanner

## वार्षिक साधारणसभा सम्बन्धी थप जानकारी

१. साधारण सभा प्रयोजनको लागि मिति २०८०/१२/०७ गते एक दिनका दागि यस कम्पनीको शेयरधनी दर्ता किताब बन्द हुनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/१२/०६ गते सम्म कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार सिटिजन्स् क्यापिटल मार्केट्स लि., डिल्लिबजार, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखितको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन पाउन योग्य हुनुहुनेछ।

२. आफ्नो मन्तब्य राख्न चाहानु हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बिहान १०:०० बजे देखि दिनको ४:०० बजे भित्र unitedmodi@ntc.net.np मा इमेल गरी वा कम्पनी सचिवलाई advocatenp7@gmail.com मा इमेल गरी आफ्नो नाम र इमेल ठेगाना टिपाउन अनुरोध गर्दछौं।

३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण वा सो को प्रतिलिपि अनिवार्य रुपमा, साथमा लिई आउन हुन अनुरोध गर्दछौं। कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनी आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न सकिनेछ। नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन तथा छलफल गर्न सक्नेछ। शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।

४. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै यस कम्पनीको आधिकारीक Email: unitedmodi@ntc.net.np मा प्रोक्सि फारम दर्ता गरिसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सि) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ। प्रोक्सि फारमको ढाँचा कम्पनीको वेबसाइट www.umh.com.np बाट डाउनलोड गर्न सकिनेछ।

५. यसै साधारण सभाबाट कम्पनीको सञ्चालक समितिमा ४ (चार) जना सञ्चालकहरुको नियुक्त गर्नको लागि निर्वाचन गरिने भएकोले उक्त निर्वाचन सम्बन्धी कार्यक्रम कम्पनीको निर्वाचन अधिकृतले तोके बमोजिम कम्पनीको केन्द्रिय कार्यालयमा रहेने निर्वाचन अधिकृतको कार्यालयमा मिति २०८०/१२/०९ गते प्रकाशित गरिनेछ र यस सम्बन्धी जानकारीहरु कम्पनीको वेबसाइट www.umh.com.np मा पनि हेर्न सकिनेछ।

६. निर्वाचन हुने सञ्चालक पदको निमित्त उम्मेदवार हुन चाहने सर्वसाधारण समूहको मतदाता नामावलीमा नाम उल्लेख भएको शेयरधनीले कम्पनीको नियमावलीको नियम २८ मा उल्लिखित न्यूनतम शेयर संख्या बराबर शेयर कित्ता लिएको (संगठित संस्थाको तर्फबाट उम्मेदवारी दिनेको हकमा बाहेक) र कम्पनी ऐन २०६३ बमोजिम अयोग्य नठहरिएको व्यक्ति हुनु पर्नेछ।

७. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन्। संगठित संस्था वा कम्पनी शेयरधनी भएको हकमा आधिकारिक पत्र सहित उपस्थित हुनु पर्नेछ।

८. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको विषय बारे सभा हुनुभन्दा ७ दिन अगावै यस कम्पनीको आधिकारीक Email:unitedmodi@ntc.net.np मा जानकारी दिन हुन अनुरोध छ।

CamScanner

९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभास्थलमा आउँदा झोला लगायतका वस्तुहरु नलिई आउन अनुरोध छ ।

१०. अन्य कुनै जानकारीका लागि कम्पनीको केन्द्रिय कार्यालय, हेरिटेज प्लाजा, कमलादी, काठमाण्डौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

CamScanner

कम्पनी ऐन, २०६३ को दफा ७१ सँग सम्बन्धित

**(प्रोक्सी फारम)**

मितिः..................

श्री सञ्चालक समिति
युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड,
कमलादी, काठमाण्डौं ।

**विषय : प्रतिनिधि नियुक्त गरिएको बारे ।**

महाशय,

................जिल्ला..................न.पा./गा.पा. वडा नं.....बस्ने म/हामी............................................ ले त्यस लि. को शेयरधनीको हैसियतले संवत् २०८० साल चैत्र महिना २९ गते (तदनुसार ११ अफ्रिल २०२४) का दिन हुने दशौं बार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिनको लागि ......................... जिल्ला ......................... न.पा./गा.पा.वडा नं ......... बस्ने ................................ लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/छौं ।

| प्रतिनिधि नियुक्त भएको व्यक्तिको | निवेदक |
|---|---|
| नामः | शेयरधनी नं / DEMAT No.: |
| ठेगानाः | दस्तखतः |
| शेयरधनी नं / DEMAT No. | नामः |
| हस्ताक्षर नमुनाः | ठेगानाः |
| परिचय पत्र नंः | शेयर संख्याः |
| मितिः | मितिः |

साधारण सभामा स्वयं आफै उपस्थित हुन नसक्ने शेयरधनीहरुले यस संस्थाको केन्द्रिय कार्यालय कमलादी, काठमाण्डौं वा टेलिफोन नं.०१-४१६९११३/१४ मा सम्पर्क गरी दशौं बार्षिक साधारण सभाको लागि तयार पारिएको प्रोक्सी फारम बुझी सो फारम भरी संवत् २०८० साल चैत्र महिना २७ गते (तदनुसार ०९ अप्रिल, २०२४) बिहान ११:०० बजे सम्म सोही स्थानमा बुझाउन हुन सुचित गरिन्छ ।

---

**प्रवेश पत्र**

श्री युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको दशौं बार्षिक साधारण सभामा उपस्थितीको लागि जारी गरिएको प्रवेश पत्र

**शेयरधनीको नाम :** **दस्तखत :**

**शेयरधनी नं / DEMAT No.:**

द्रष्टव्यः

१) शेयरधनी आफैले खाली कोष्ठहरु भर्नु होला ।
२) सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्न अनिवार्य छ ।
३) शेयरधनी स्वयं उपस्थित भएमा प्रोक्सीद्धारा नियुक्त प्रतिनिधि स्वतः रद्ध हुनेछ ।
४) प्रोक्सी दिदाँ कम्पनीको शेयरधनीलाई मात्र दिन पाइनेछ ।

...................
कम्पनी सचिव

***नोट : यो निवेदन साधारण सभा शुरु हुन भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरी सक्नु पर्नेछ***

CS CamScanner

CamScanner

## युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड
## को
## दसौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री नरेन्द्र वल्लभ पन्तज्यूले प्रस्तुत गर्नु हुने
## आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको दसौ वार्षिक साधारण सभामा कम्पनीको सञ्चालक समितिका तर्फबाट म यहाँहरुलाई हार्दिक स्वागत तथा अभिवादन गर्दछु । यस कम्पनीका सञ्चालक समितिका संचालकज्यूहरु, कम्पनीको निमन्त्रणालाई स्वीकार गरेर पाल्नु भएका नियामक निकायका प्रतिनिधिज्यूहरु तथा अतिथिज्यूहरु, कम्पनीमा कार्यरत विभिन्न तहका कर्मचारीहरु लगायत यस साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरुलाई कम्पनीको सञ्चालक समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्दछु ।

यस अघिका साधारण सभामा शेयरधनी महानुभावहरुकै माग बमोजिम कम्पनीले हकप्रद शेयर जारी गर्नका लागि आवश्यक गृहकार्य गरेको तथा कम्पनी सूचिकृत भएकोले सूचिकृत कम्पनीहरुले नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) को अनुसरण गरी वित्तिय प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको तर पछिल्ला आ. ब. हरुमा कम्पनीको वित्तिय विवरण पूर्ण रुपमा NFRS को व्यवस्थामा रुपान्तरित हुने क्रममा रहेको हुँदा सो व्यहोराको कैफियत लेखापरिक्षण प्रतिवेदनमा उल्लेख हुँदै आएको आ. ब. २०७९/८० को वित्तिय विवरण पूर्ण रुपमा NFRS को व्यवस्था बमोजिम तयार गरी प्रस्तुत गरेका छौं । साथै कम्पनीको हाल कायम चुक्ता पुँजी रु. १,२३,०५,००,०००/- बमोजिमको शेयर संख्या १,२३,०५,००० कित्ता शेयर बराबर १ शेयरका दरले १:१ अनुपातमा हकप्रद शेयर जारी तथा निष्काशन गर्ने प्रस्ताव साधारण सभामा पेश गर्ने सम्बन्धमा मिति २०८० मंसिर १३ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले निर्णय गरेको र सो सम्बन्धमा श्री विद्युत नियमन आयोगबाट मिति २०८०/१०/२२ मा मात्र सहमती प्राप्त गरेको लगायतका कारणहरुले गर्दा तोकिएको समयमा नै वार्षिक साधारण सभा बोलाउन नसकिएको जानकारी गराउँदछु । आगामी वार्षिक साधारण सभाहरु तोकिएको समयावधि भित्रै गराउन कम्पनी प्रतिबद्ध रहेको जानकारी गराउँदै कम्पनीको पृष्ठभूमि तथा सामान्य परिचय यहाँहरुको जानकारीका लागि प्रस्तुत गरेको छु ।

| क्र.सं. | विषय | विवरण |
|---|---|---|
| १ | कम्पनीको नाम | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड |
| २ | कम्पनीको मुख्य उद्देश्य | नेपालमा जलविद्युत विकास तथा प्रवर्द्धन गर्ने |
| ३ | कम्पनीको रजिष्टर्ड कार्यालय | काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २८ |
| ४ | कम्पनीले सञ्चालन गरेको आयोजनाको विवरण | तल्लो मोदी-१ (१० मे. वा.) |
| ५ | आयोजना स्थल | पर्वत जिल्ला, कुश्मा न.पा. वडा नं. ८ |

CamScanner

| | | |
|---|---|---|
| ६ | व्यापारिक उत्पादन शुरु गरेको मिति | २०६९ मंसिर ९ गते |
| ७ | प्रा. लि. बाट लि. मा परिणत भएको मिति | २०७० चैत्र २८ गते |
| ८ | नेपाल स्टक एक्स्चेन्जमा सूचिकृत मिति | २०७४ जेठ ०२ गते सूचिकृत भई मिति २०७४ जेठ १६ गते देखि कम्पनीको सर्वसाधारण समूहको शेयर कारोबार शुरु भएको । |

अब कम्पनीको आर्थिक वर्ष २०७७/७८ को कार्यसम्पादनका सम्वन्धमा समिक्षा गर्न अनुमति चाहन्छु ।

**कार्यसम्पादन समिक्षा**

**व्यवसाय सञ्चालनः**

आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० कम्पनीका लागि सामान्य रह्यो । २०७८ साल भाद्र १७ गते भएको अबिरल बर्षाका कारण गएको बाढी पहिरोबाट आयोजनाका भौतिक संरचना, पावर हाउस, मशिन उपकरणमा क्षति पुगेको र सो का कारण आर्थिक वर्ष २०७८/७९ को आम्दानी तथा मुनाफामा असर परेको यस अघिको साधारण सभामा नै जानकारी गराएका थियौं । आर्थिक वर्ष २०७९/८० मा आयोजना नियमित रुपमा नै सञ्चालनमा रह्यो र विभिन्न आन्तरिक चुनौतीहरु आई परेता पनि कम्पनीले नियमित रुपमा विद्युत उत्पादन गरी राष्ट्रिय प्रशारण लाइनमा कम्पनीले विद्युत प्रवाह गरी समग्र अर्थतन्त्रमा योगदान गरिरहेको जानकारी यो गरिमामय साधारण सभा समक्ष गराउन पाउँदा गौरवान्वित महसुस भएको छ । तर जलवायु परिवर्तनका समस्या र चुनौतीहरुका कारण समयमा सोचे अनुरुप पर्याप्त बर्षा नहुँने र अप्रत्याशित बर्षा हुँदा बाढी पहिरो लगायतका प्रकोपका चुनौती बढेर गएकाले आयोजना सञ्चालन थप चुनौतीपूर्ण बन्दै गएको छ । यसका साथै कम्पनीको आम्दानी सिमित हुने तर हरेक बर्ष कर्मचारी सेवा सुविधा, मर्मत सम्भार लगायतका खर्चहरु बढ्दै जाने भएकाले यसको प्रत्यक्ष असर मुनाफामा पर्ने देखिन्छ ।

आयकर ऐन, २०५८ बमोजिम कम्पनीलाई प्राप्त सतप्रतिशत कर छुटको समयावधि सकिएको र आ.व. २०७६/७७ देखि ३ बर्षका लागि उपलब्ध ५० प्रतिशत कर छुटको सुविधा समेत पछिल्लो आ. ब. मा सकिएकोले सो को प्रत्यक्ष असर कम्पनीको कर पछिको मुनाफामा परेको देखिन्छ । साथै कम्पनी र नेपाल विद्युत प्राधिकरणबिच भएको विद्युत खरिद बिक्री सम्झौता अनुसार २०७६ मंसिर ८ गतेबाट सूचिकृत दररेट (Posted Rate) समाप्त भई पुरानै दररेट लागु भएकोले सो को प्रभाव कम्पनीको आर्थिक वर्ष २०७९/८० को आम्दानी तथा मुनाफामा परेको छ । विद्युत खरिद बिक्री सम्झौता अनुसार कम्पनीलाई उपलब्ध सूचिकृत दररेट तथा पुरानो दररेटको विवरण यस प्रकार रहेको छ :

**सूचिकृत दररेट**

| **अवधि**<br>PCOD र COD बीचका ढिला भएको दिन अन्तरपछिको मितिदेखि PCOD बाट सात | **सुख्खा याम (पौष देखि चैत्रसम्म)**<br>(रु. प्रति युनिट) | **बर्षा याम (पौष देखि चैत्रसम्म)**<br>(रु. प्रति युनिट) |
|---|---|---|

CamScanner

| | | |
|---|---|---|
| बर्ष सम्म PCOD लाई आधार मिति मानी लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | | |
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिना देखि ८४ औं महिनासम्म | ९।६६ | ५।५२ |

**पुरानो दररेट**

| **आर्थिक बर्ष** | **सुख्खा याम (पौष देखि चैत्रसम्म) (रु. प्रति युनिट)** | **बर्षा याम (पौष देखि चैत्रसम्म) (रु. प्रति युनिट)** |
|---|---|---|
| व्यापारिक उत्पादन शुरु हुने मिति (COD) | ७/- | ४/- |
| COD पछिको पहिलो आर्थिक बर्ष | ७।२१ | ४।१२ |
| COD पछिको दोस्रो आर्थिक बर्ष | ७।४२ | ४।२४ |
| COD पछिको तेस्रो आर्थिक बर्ष | ७।६३ | ४।३६ |
| COD पछिको चौथौं आर्थिक बर्ष | ७।८४ | ४।४८ |
| COD पछिको पाँचौं आर्थिक बर्ष | ८।०४ | ४।६० |
| COD पछिको छैठौं आर्थिक बर्ष | ८।२६ | ४।७२ |
| COD पछिको सातौं आर्थिक बर्ष | ८।४७ | ४।८४ |
| COD पछिको आठौं आर्थिक बर्ष | ८।६८ | ४।९६ |
| **COD पछिको नवौं आर्थिक बर्ष** | **८।८९** | **५।०८** |

CS CamScanner

**वित्तिय विवरण :**

यस कम्पनीको आ.व. २०७९/०८० को बाह्य लेखापरीक्षण चार्टर्ड एकाउन्टेन्टस् श्री जोशी एण्ड भण्डारीले गरेको थियो। लेखापरीक्षकले कम्पनीको वित्तिय विवरण उपर नकारात्मक टिप्पणी रहित प्रतिवेदन जारी गरेको छ।

यस कम्पनीले विद्युत विक्री तथा विद्युतीय सेवाबाट आ.व. २०७९/०८० मा रु. २९ करोड ४८ लाख आर्जन गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा रु. ४ करोड ९ लाखले बढेको छ। साथै संचालनबाट मुनाफा गत आ.व. २०७८/७९ भन्दा चालु आ.व. २०७९/०८० मा उल्लेख्य रुपले बढेको छ। कम्पनीले नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) बमोजिम आ.व. २०७८/७९ को समेत वित्तिय विवरणमा आवश्यक समायोजन गरी प्रस्तुत गरेका कारण पनि यस्तो देखिएको हो। आ.व. २०७८/७९ मा २०७८ साल भाद्र १७ गते भएको अबिरल बर्षाका कारण गएको बाढी पहिरोबाट आयोजनाका भौतिक संरचना, पावर हाउस, मशिन उपकरणमा क्षति पुग्नुका साथै आयोजनास्थलमा रहेको नेपाल विद्युत प्राधिकरणको ट्रान्समिशन टावर पूर्णरुपमा क्षतिग्रस्त हुँदा विद्युत उत्पादन बन्द भएकाले कम्पनीको प्रत्यक्ष आम्दानी र मुनाफा घटकोमा आ.व. २०७९/०८० मा आयोजनामा बाढी पहिरो आदिको धेरै ठूलो असर नपरेको र उत्पादन सामान्य नै रहेकाले आम्दानी सोही बमोजिम बढेको देखिएको छ भने यस बर्ष प्रत्यक्ष खर्च लगायत अन्य सञ्चालन खर्च समेत नियन्त्रण गरिएकाले मुनाफा बढेको जानकारी गराउन चाहन्छु।

कम्पनीको कर अघिको मुनाफा भने रु. ३ करोड ४९ लाख रहेको छ जुन अघिल्लो आ.व. २०७८/७९ को तुलनामा उल्लेख्य रुपमा बढेको छ। त्यसै गरी कर पछिको मुनाफा रु. २ करोड ३६ लाख रहेको छ।

**नयाँ पहलहरु**

कम्पनीले लगानी गरेको श्री युनाइटेड मेवा खोला हाइड्रोपावर प्रा. लि. (५० मे. वा.) को आयोजना निर्माणको कार्य सन्तोषजनक रुपमा अघि बढिरहेको तथा यस कम्पनीले शेयरधनी महानुभावहरुको आकंक्षा बमोजिम आफैले अर्को आयोजना विकास गर्ने मनसाय राखी नयाँ लगानीयोग्य आयोजना पहिचानका लागि आवश्यक पहल गरिरहेको समेत जानकारी गराउन चाहन्छौं।

सोहि अनुरुप कम्पनीले यस बर्ष आदरणीय शेयरधनी महानुभावहरुको यस अघिका साधारण सभामा राख्नु भएको हकप्रद शेयर जारी गर्नुपर्ने सुझावलाई आत्मसाथ गर्दै उल्लिखित आयोजनामा लगानी गर्नका लागि २०८० मंसिर १३ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले कम्पनीको हाल कायम चुक्ता पुँजीको १:१ अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव साधारण सभामा पेश गर्ने निर्णय गरेको र सोही बमोजिम श्री विद्युत नियमन आयोगद्वारा मिति २०८०/१०/२२ मा दिएको सहमति बमोजिम कम्पनीको हाल कायम चुक्ता पुँजी रु. १,२३,०५,००,०००/- बमोजिमको शेयर संख्या १,२३,०५,००० कित्ता शेयर बराबर १ शेयरका दरले १:१ अनुपातमा हकप्रद शेयर जारी तथा निष्काशन गर्ने प्रस्ताव गरेको जानकारी गराउन चाहन्छु।

साथै, कम्पनीको संस्थागत हित र उन्नतिको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुबाट प्राप्त हुने रचनात्मक सल्लाह र सुझावहरुलाई सदैव कम्पनी र सञ्चालक समितिको मार्गदर्शक सुझावका रुपमा लिई अगाडि बढ्ने

CS CamScanner

प्रतिवद्धता व्यक्त गर्दछु। आ.व. २०७९/८० को नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको कम्पनी वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत लेखा परिक्षकबाट पेश गरिएको प्रतिवेदन शेयरधनी महानुभावहरुलाई पहिले नै उपलब्ध गराई सकेकोले अनुमोदनका लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत गर्न चाहन्छु ।

अन्त्यमा,

यस साधारण सभामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागिता जनाई यस कम्पनीको उत्तरोत्तर प्रगति एवं समृद्धिको लागि अमूल्य राय, सुझाव तथा हौसला दिनु भएकोमा हाम्रा सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत नेपाल सरकार, उर्जा मन्त्रालय, विद्युत विकास विभाग, विद्युत नियमन आयोग, नेपाल विद्युत प्राधिकरण, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि. तथा अन्य सहयोगी संघ संस्थाहरुबाट यस अवधिमा प्राप्त सहयोगको लागि हार्दिक धन्यवाद दिन चाहन्छौं । त्यस्तै आयोजना विकास तथा सञ्चालनमा निरन्तर सहयोग पुऱ्याई रहनुभएका स्थानीय महानुभावहरुबाट प्राप्त अमूल्य सहयोग तथा पर्वत जिल्लाका जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, नेपाली सेना, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, प्रभावित नगरपालिकाहरु, विभिन्न राजनीतिक दलहरु लगायत अन्य स्थानीय व्यक्ति र निकायहरु आदिबाट प्राप्त सहयोग एवं निर्देशनहरु कम्पनी तथा आयोजनाहरुको विकासको लागि सदैव मार्गनिर्देशनको रुपमा रहने भएकोले उहाँहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यसैगरी कम्पनीलाई आजको अवस्थामा पुऱ्याउन सहयोग गर्ने कर्जा लगानीकर्ता बैंकहरु क्रमश: सिटिजन्स बैंक इन्टरनेशनल लि., ग्लोबल आइएमइ बैंक लि., प्रभु बैंक लि., एनसिसि बैंक लि., कुमारी बैक लिमिटेड (साविक देव विकास बैंक लि.), र एनएमबि बैंक लि., एवं यस कम्पनीका लेखापरिक्षक, कानूनी सल्लाहकार तथा अन्य सम्बद्ध संघ संस्थाहरुमा हार्दिक आभार प्रकट गर्दछु । सञ्चालक समितिका सदस्यहरुबाट प्राप्त मार्गदर्शनका लागि पनि हार्दिक कृतज्ञता व्यक्त गर्दै सम्पूर्ण व्यवस्थापक, कर्मचारी तथा कामदारहरुलाई उहाँहरुको कर्तव्यनिष्ठता, लगनशीलता, इमानदारिता एवं निरन्तर रुपमा गरेको अथक परिश्रमको सराहना गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस सभामा यहाँहरुको उपस्थितिबाट कम्पनीले पाउने सल्लाह, सुझाव, सहयोग र सद्भावले भावी कार्ययोजना तथा लक्ष्य प्राप्तिमा अमूल्य योगदान पुग्ने छ भन्ने हामी सबैले विश्वास लिदै आगामी दिनमा पनि यहाँहरुको सहयोगको अपेक्षा राख्दछु ।

धन्यवाद ।

सञ्चालक समितिको तर्फबाट

.....................................

नरेन्द्र वल्लभ पन्त
अध्यक्ष

CamScanner

**युनाईटेड मोदी हाइड्रोपावर लिमिटेडको**
**दसौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट**
**अध्यक्ष श्री नरेन्द्र बल्लभ पन्तज्यू द्धारा प्रस्तुत**
**बार्षिक प्रतिवेदन**

**कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा (४) बमोजिम सञ्चालक समितिको प्रतिवेदन (आर्थिक वर्ष २०७९/८०)**

आज यहाँहरु समक्ष आ.व. २०७९/८० को वासलात, आय विवरण, नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु तथा लेखापरीक्षकको प्रतिवेदन अनुमोदनको लागि पेश गर्दै कम्पनीले आ.व. २०७९/८० मा प्राप्त गरेको उपलब्धि तथा कार्यनिति र आगामि वर्षमा गरिने कार्ययोजनाहरु यहाँहरु समक्ष प्रस्तुत कम्पनी ऐन २०६३ को व्यवस्था अनुसार तपशिल अनुसार विवरण पेश गरिएको छ ।

**क) विगत वर्षहरुको कारोवारको सिंहावलोकनः**

यस कम्पनीले १० मेगावाट क्षमताको तल्लो मोदि-१ जलविद्युत आयोजनाबाट विद्युत उत्पादन गरी राष्ट्रिय प्रशारण लाईनमा आपूर्ति गरिरहेको व्योहोरा यहाँहरुलाई सर्वविदितै छ । उल्लिखित आयोजनाले २०६९ साल मंसिर महिनादेखि व्यापारिक उत्पादन शुरु गरी सफलतापुर्वक एघारौं वर्षमा सञ्चालन भईरहेको छ । प्राकृतिक प्रकोप, बदलिदों जलवायु परिवर्तनका कारण पर्याप्त बर्षा नहुने, बेमौसमी बर्षाका कारण अप्रत्याशित बाढी पहिरो लगायतका विभिन्न चुनौतीहरुका बावजुद कम्पनीले नियमित रुपमा विद्युत उत्पादन गरी देशको समग्र अर्थतन्त्रमा नै योगदान गरिरहेको छ ।

आ.व.२०७९/८०, २०७८/७९ तथा २०७७/७८ मा आयोजनाको विद्युत उत्पादन र बिक्रि विवरण निम्न बमोजीम छ :

| आर्थिक वर्ष | कन्टयाक्ट उर्जा (kWh) | कन्ट्रयाक्ट उर्जा वापतको रकम (रु.) | आपूर्ति गरिएको उर्जा (kWh) | | उर्जा बिक्रिबाट आम्दानी (रु.) | |
|---|---|---|---|---|---|---|
| २०७९/८० | ६१,००८,७२५ | ३५०,४३१,०४९ | ५०,८७०,३१० | ८३% | २९४,८२१,००० | ८४% |
| २०७८/७९ | ६१,००८,७२५ | ३५०,४३१,०४९ | ४२,२१६,०२१ | ६९% | २५३,९६०,३७६ | ७२% |
| २०७७/७८ | ६१,००८,७२५ | ३४२,१५३,१५० | ४७,३७५,२७० | ७८% | २६६,९६४,१८८ | ७८% |

आ.व.२०७९/८०, २०७८/७९ तथा २०७७/७८ को तुलनात्मक वित्तिय स्थिति विवरण तल उल्लेख गरे बमोजिम रहेको छ ।

| **विवरण** | **२०७९/८० (रु.)** | **२०७८/७९ (रु.)** | **२०७७/७८ (रु.)** |
|---|---|---|---|
| बिद्युत विक्रि बाट आम्दानी | २९४,८२१,००० | २५३,९६०,३७६ | २८८,३२८,५३६ |
| प्रत्यक्ष खर्च | (१४,८१०,०४४) | (१५,०७५,०५७) | (१०,९०९,४१८) |
| **कुल नाफा** | **२८०,०१०,९५६** | **२३८,८८५,३१९** | **२७७,४१९,११९** |
| अन्य आम्दानी/बित्तिय आम्दानी | १४,५७९,९७४ | ३७,९५६,००९ | १,५३७,१४८ |
| कर्मचारी खर्च | (२६,०१४,५६३) | (२४,१७४,७६७) | (२२,३९४,००४) |

CS CamScanner

| | | | |
|---|---|---|---|
| जिन्सी मौज्दात अपलेखन (Inventories witten off) | (९७,४१६) | - | (९,४३५,२८९) |
| अन्य सञ्चालन खर्चहरु | (३७,२२४,६२५) | (५९,४८९,९४१) | (४४,१४१,१६०) |
| **ह्रास कट्टि अघिको सञ्चालन नाफा/(नोक्सान)** | **२३१,२५४,३२६** | **१९३,१७६,६२०** | **२०२,९८५,८१४** |
| ह्रास कट्टि खर्च | (७१,२३६,९६७) | (७७,११०,९४२) | (७५,०७७,५९६) |
| **सञ्चालन नाफा/(नोक्सान)** | **१६०,०१७,३५९** | **११६,०६५,६७८** | **१२७,९०८,२१८** |
| वित्तिय खर्च | (१२०,७४१,६५७) | (९९,०६९,२८०) | (५३,१९४,९६७) |
| **कर अघिको नाफा** | **३९,२७५,७०२** | **१६,९९६,३९८** | **७४,७१३,२५२** |
| कर्मचारी बोनस | (७८५,५१४) | (३६१,५४३) | (१,४९४,२६५) |
| **कर अघिको खुद नाफा/(नोक्सान)** | **३८,४९०,१८८** | **१६,६३४,८५५** | **७३,२१८,९८७** |
| आय कर खर्च | (२,८८८,०८५) | (२,२६९,५६६) | (९,१९२,३००) |
| अघिल्लो अवधि कर | - | (९०५,२२५) | - |
| स्थगित कर | (१२,०४६,५१३) | (१२,२४७,७३८) | - |
| **खुद नाफा/(नोक्सान)** | **२३,५५५,५९०** | **१,२१२,३२६** | **६४,०२६,६८६** |

**नाफा/नोक्सान बाँडफाँड हिसाब**

| **विवरण** | **२०७९/८०** | **२०७८/७९** NFRS बमोजिम रुपान्तरित | **२०७७/७८** |
|---|---|---|---|
| गत वर्षको मौज्दात | ७२,६५२,३२५ | ७१,७०२,५५० | ७३,५४८,४३४ |
| विगत वर्षहरुको हिसाब मिलान | - | (२६२,५५०) | - |
| यस आर्थिक वर्षको नाफा/(नोक्सान) | २३,५५५,५९० | १,२१२,३२६ | ६,४०,२६,६८६ |
| लभांश/बोनस शेयर बितरण | (८४,७३६,८४२) | - | (६,०५,२६,३१६) |
| **जम्मा** | **११,४७१,०७४** | **७२,६५२,३२५** | **७७,०४८,८०४** |

यस कम्पनी सूचिकृत भएकोले सूचिकृत कम्पनीहरुले नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) को अनुसरण गरी वित्तिय प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको तर पछिल्ला आ. ब. हरुमा कम्पनीको वित्तिय विवरण पूर्ण रुपमा NFRS को व्यवस्थामा रुपान्तरित हुने क्रममा रहेको हुँदा सो व्यहोराको कैफियत लेखापरिक्षण प्रतिवेदनमा उल्लेख हुँदै आएकोले आ. ब. २०७९/८० को वित्तिय विवरण पूर्ण रुपमा NFRS को व्यवस्था बमोजिम तयार गरी प्रस्तुत गरेका छौं । आ. ब. २०७८/७९ को वित्तिय विवरणहरु समेत सोही अनुरुप समायोजन गरी प्रस्तुत गरेका छौं । अत: माथि तालिकामा उल्लिखित आ. ब. २०७९/८० तथा आ. ब. २०७८/७९ को विवरणहरु नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएका वित्तिय विवरण

CamScanner

बमोजिम प्रस्तुत गरिएको छ भने आ. ब. २०७७/७८ को विवरण पुरानो व्यवस्था बमोजिम तयार गरिएको वित्तिय विवरण बमोजिम नै प्रस्तुत गरिएको जानकारी गराउँदछौं ।

आ.ब. २०७८/७९ को तुलनामा विद्युत बिक्रीबाट भएको आम्दानीमा बृद्धि तथा प्रत्यक्ष खर्च तथा अन्य सञ्चालन खर्चलाई समेत नियन्त्रण गरी कम गरेकाले आ. ब. २०७९/८० को मुनाफामा बृद्धि देखिएको छ ।

**ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिबाट परेको असर :**

**शेयरधनी महानुभावहरु,**

यस कम्पनीले सञ्चालन गरेको तल्लो मोदी-१ जल विद्युत आयोजनाको उत्पादन पानीको वहावमा निर्भर हुने भएकोले जलवायु परिवर्तनको प्रत्यक्ष असर आयोजनाको उत्पादन, आम्दानी तथा मुनाफामा पर्ने भएकाले समयमा बर्षा नहुने, खोलामा पानीको बहाव कम हुने लगायतका कारणहरुले आयोजना सञ्चालन चुनौतीपूर्ण छ । रुस उक्रेन युद्ध, मध्य पूर्वमा इजरायल तथा हमासको द्वन्द, विश्वव्यापि रुपमा बढेको आर्थिक तथा राजनैतिक अस्थिरता लगायतका अन्तराष्ट्रिय घटनाक्रमहरुको असरबाट कम्पनी अछुतो रहन सकेको छैन र विभिन्न राष्ट्रिय घटनाक्रम विशेष गरी मुद्रास्फिति, आर्थिक नीति, बैंक व्याजदर तथा कर्जा प्रवाह लगायतका बिषयवस्तुको प्रत्यक्ष तथा अप्रत्यक्ष असर कम्पनीमा परेको छ ।

**ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणाः**

चालु आ.व. २०८०/८१ को २०८० श्रावन ०१ गतेदेखि २०८० पौष मसान्त सम्म आयोजनाबाट ३२,५३९,११६ यूनिट विद्युत उत्पादन गर्ने लक्ष्य लिइएकोमा पानीको बहाव अनूकुल नभएकोले सो अवधिमा लक्ष्यभन्दा कम खुद ३०,९०५,१७२ यूनिट विद्युत उत्पादन भई बिक्रि गरिएको छ ।

चालु आ.व.को दोस्रो छ महिनाको वित्तिय अवस्था निम्न बमोजिम छः

| **विवरण** | **२०८० श्रावण ०१ गतेदेखि २०८० पौष मसान्त सम्म** |
|---|---|
| विद्युत बिक्रि | १६,३२,८१,१८२ |
| प्रत्यक्ष खर्च | (१,११,४४,८४९) |
| **कुल नाफा** | **१५,२१,३६,३३०** |
| अन्य आम्दानी | १,०१,७४६ |
| कर्मचारी खर्च | (१,२८,१८,०८०) |
| अन्य सञ्चालन खर्चहरु | (१,०६,६७,३४७) |
| ब्याज एवम् वित्तिय खर्च | (५,६०,८१,८५७) |
| ह्रास कट्टि खर्च | (३,२७,९६,२५९) |
| कर्मचारी बोनस | (७,९७,४९१) |
| **कर अघिको खुद नाफा/(नोक्सान)** | **(३,९०,७७,०४५)** |
| आय कर खर्च | (९७,६९,२६१) |

CamScanner

| | |
|---|---|
| खुद नाफा/(नोक्सान) | २,९३,०७,७८४ |

**घ) संस्थागत सामाजिक दायित्व :**

संस्थागत सामाजिक दायित्व अन्तर्गत आयोजना निर्माण क्रममा कम्पनीले स्थानीय स्तरमा विकास निर्माण तथा स्थानिय जनताको आय आर्जन बृद्धि सम्बन्धि विभिन्न कृयाकलापहरु गरेको छ र कम्पनीले यस कार्यलाई सदैव प्राथमिकतामा राखी आफ्ना कार्ययोजनाहरु थप गर्ने गरेको छ र यस कार्यलाई भविष्यमा समेत निरन्तर जारी राखिने छ।

**ङ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्धः**

कम्पनीले आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्न सम्बन्धित सबै निकाय तथा विभागहरु र सम्बृद्ध सबै पक्षहरुसँग सुमधुर र सुदृढ सम्बन्ध कायम गरिरहन सफल भएको छ।

**च) सञ्चालक समितिमा भएको हेरफेर र सो को कारणः**

कम्पनीका सञ्चालक श्री मुकुन्द प्रसाद तिमिल्सिनाज्यूले मिति २०७९/०८/१९ को पत्रमार्फत उहाँको व्यक्तिगत तथा विविध कार्य व्यस्तताका कारणले यस कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गरी सञ्चालक पदमा रहि कार्य गर्न असमर्थ भएको भनि राजिनामा पेश गर्नुभएको तथा कम्पनीका सञ्चालक तथा प्रबन्ध सञ्चालक श्री सुधिर प्रसाद तिमिल्सिनाज्यूले मिति २०७९/०९/०८ को पत्रमार्फत उहाँको व्यक्तिगत तथा विविध कार्य व्यस्तताका कारणले यस कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गरी सञ्चालक तथा प्रबन्ध सञ्चालक पदमा रहि कार्य गर्न असमर्थ भएको भनि राजिनामा पेश गर्नुभएकाले उहाँहरुको राजिनामा स्वीकृत मिति २०७९/०९/११ गते बसेको संचालक समितिको बैठकले राजिनामा स्वीकृत गर्ने निर्णय गरेको थियो। साथै संस्थागत सुशासनका लागि कम्पनीको स्वीकृत नियमावली तथा कम्पनी ऐनको दफा ८६(३) बमोजिम सात जनासम्म सञ्चालक भएका कम्पनीको हकमा सम्बन्धित कम्पनीको व्यवसायसँग सम्बन्धित विषयमा ज्ञान तथा अनुभव हासिल गरेको कम्तीमा एकजना व्यक्तिलाई स्वतन्त्र सञ्चालकको रुपमा नियुक्त गर्नु पर्ने प्रावधान बमोजिम मिति श्री अमित पाण्डेज्यूलाई स्वतन्त्र सञ्चालक नियुक्त गरिएको थियो।

**छ) कारोबारलाई असर पार्ने मुख्य कुराहरुः**

हालको अवस्थामा कम्पनीले कुनै प्रतिस्पर्धी जोखिम व्यहोर्नुपर्ने स्थिति देखिदैन। कम्पनीले उत्पादन गर्ने विद्युतको कच्चा पदार्थ, अर्थात् खोलाको पानीको नियमित आपूर्तिमा भने हालका वर्षहरुमा देखिएको मौसमी बदलावको क्रम रहिरहे दीर्घकालीन रुपमा भने असर हुन सक्नेछ। त्यस्तैगरी बेला बखत आयोजनामा आईपर्ने बाढी, पहिरो अन्य प्रकृतिक प्रकोप तथा समय समयमा मेशिनहरुमा आइपर्ने समस्याबाट पनि आयोजनाको उत्पादन तथा कारोबारमा असर हुने गरेको छ।

**ज) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृयाः**

कम्पनीको लेखापरिक्षण प्रतिवेदनमा कम्पनीलाई असर पुग्ने गरी कुनै कैफियत उल्लेख गरिएको छैन।

**झ) लाभांश बाँडफाँड गर्न सिफारिश गरिएको विवरणः**

कम्पनीको आ. व. २०७९/८० को लागि लाभांश प्रस्ताव गरिएको छैन।

CS CamScanner

**ञ) जफत गरिएको शेयर सम्बन्धी विवरण:**
छैन ।

**ट) कम्पनीको सहायक कम्पनी सम्बन्धी विवरण:**
यस कम्पनीले आफ्नो उद्देश्य अनुसार कार्य गर्ने एवं अन्य नयाँ व्यवसायिक अवसरहरुमा समावेश हुने उद्देश्यका साथ कम्पनीको पूर्ण स्वामित्वमा "मोदी हाइड्रोपावर इन्भेष्मेन्ट लिमिटेड" नामक सहायक कम्पनी स्थापना गरेको छ । यस सहायक कम्पनी मार्फत जलविद्युतसँग सम्बन्धित विविध व्यवसायिक कार्यहरु गर्ने एवं अन्य नवीनतम् व्यवसायिक अवसरहरुको सदुपयोग गरी शेयरधनीहरुको हित अनूकुल व्यवसाय विस्तार गर्दै लैजाने उद्देश्य रहेको छ । यस सहायक कम्पनीको अधिकृत पूँजी रु. १० करोड एवं जारी पूँजी रु. छ करोड रहेको छ भने आ.व. २०७९/८० को अन्त्य सम्ममा रु. ४० लाख चुक्ता पूँजी रहेको छ । यस सहायक कम्पनीको लेखापरीक्षण प्रतिवेदन तथा लेखापरीक्षण गरिएका वित्तिय प्रतिवेदनहरु यसै साथ संलग्न गरिएको छ ।

**ठ) सहायक कम्पनीसँग भएको कारोबारको विवरण:**
यस कम्पनीले आफ्नो पूर्ण स्वामित्वको सहायक कम्पनी "मोदी हाइड्रोपावर इन्भेष्मेन्ट लिमिटेड" मा आ.व. २०७९/८० को अन्त्य सम्ममा रु.४० लाख पूँजी लगानी गरेको छ ।

**ड) विगत आर्थिक वर्ष कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी:**
कुनै जानकारी उपलब्ध गराएको छैन ।

**ढ) बिगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयर स्वमित्वको बिवरण तथा निजहरुको संलग्नता :**
आ.व. २०७९/८० को अन्त सम्ममा यस कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुको शेयर स्वमित्व निम्न बमोजिम रहेको छ र निजहरु कम्पनीको शेयरको कारोबारमा संलग्न रहेको पाइएको छैन।

| नाम, थर | पद | शेयर संख्या |
|---|---|---|
| श्री नरेन्द्र वल्लभ पन्त | अध्यक्ष | व्यक्तिगत - ५८,१६० कित्ता |
| श्री सुनिल भक्त श्रेष्ठ | सञ्चालक | व्यक्तिगत - १७३,५८२ कित्ता |
| श्री आशिष थापा | सञ्चालक | व्यक्तिगत - ३३२,५०३ कित्ता |
| श्री रेनुका पाण्डे | सञ्चालक सर्वसाधारण समुह | व्यक्तिगत - १२० कित्ता |
| श्री रोमन दंगाल | सञ्चालक सर्वसाधारण समुह | व्यक्तिगत - ५३५ कित्ता |
| श्री अमित पाण्डे | स्वतन्त्र सञ्चालक | छैन |

**ण) कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराईएको जानकारीको व्यहोरा:**
यस प्रकारको जानकारी उपलब्ध नभएको ।

**त) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको विवरण:**

CS CamScanner

हालसम्म कम्पनीले आफ्नो शेयर खरिद गरेको छैन ।

**थ) आन्तरिक नियन्त्रण प्रणालीको विस्तृत विवरण:**

कम्पनीले आफ्नो आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन एवं विभिन्न जोखिमहरू न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरु सञ्चालक समितिले पारित गरी लागू गर्दै आएको छ । यसका लागि कम्पनी ऐन २०६३ को प्रावधान बमोजिम कम्पनीका सञ्चालकको अध्यक्षतामा लेखापरीक्षक समिति गठन गरिएको छ र कर्मचारी व्यवस्थापनको लागि "कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी विनियमावली २०७२" सञ्चालक समितिबाट स्वीकृत गराई लागु गरिएको छ। कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई थप व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली तयार गरी लागु गर्ने प्रकृयामा रहेको छ। यसका अतिरिक्त प्रचलित ऐन, कानुन तथा सम्बन्धित विभाग तथा निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखापरीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिँदै आइएको छ ।

**द) गत वर्षको कुल व्यवस्थापन खर्चको विवरण:**

कम्पनीको गत वर्षको कुल व्यवस्थापन खर्च निम्न बमोजिम रहेको छ ।

| **बिवरण** | २०७९/८० (रु.) | २०७८/७९ (रु.) |
|---|---|---|
| कर्मचारी खर्च | २६,०१४,५६३ | २४,१७४,७६७ |
| व्यवस्थापन तथा अन्य अप्रत्यक्ष खर्च | ३७,३२२,०४१ | ५९,४८९,९४१ |
| **जम्मा** | **६३,३३६,६०४** | **८३,६६४,७०८** |

**ध) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुबिधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाब दिएको भए सोको विवरण:**

कम्पनी सूचिकृत भएको हुनाले मिति २०७८/१२/३० मा बसेको सञ्चालक समितिको बैठकले सञ्चालक आशिष थापाज्युको अध्यक्षतामा गठन गरिएको लेखापरिक्षण समितिमा कम्पनीका निवर्तमान सञ्चालक श्री सुबोध भट्टराईज्यु सदस्य रहनु भएकोमा उहाँको पदावधि सम्पन्न भई लेखापरिक्षण समितिमा एक पद रिक्त भएको र सोको पदपुर्ति गर्नुपर्ने भएकाले कम्पनीका सञ्चालक रेनुका पाण्डेज्युलाई नियुक्त गरि तीन सदस्यीय लेखा परिक्षण समिति गठन गरिएको छ। हाल कायम समितिका सदस्यहरुमा सञ्चालक आशिष थापाज्युको अध्यक्षतामा सञ्चालक रेनुका पाण्डेज्यु सदस्य र कम्पनीको वित्त अधिकृत पुजा बस्नेतज्यु सदस्यमा रहनुभएको छ । यस लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार कम्पनी ऐन २०६३ मा तोकिए बमोजिम हुनेछ र समिति सदस्यले बैठक भत्ता वापत रु. ५०००।- प्रति बैठक प्रदान गर्ने गरिएको छ ।

**न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा:**

छैन ।

CamScanner

**प) सञ्चालक, प्रबन्ध सञ्चालक, तथा पदाधिकारीहरुलाई आ.व. २०७९/८० मा भूक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुबिधा रकमः**

प्रस्तुत आ.व. २०७९/८० मा सञ्चालक समितिको बैठक बस्दा प्रति बैठक अध्यक्षलाई रु. ६,०००। तथा अन्य सञ्चालकलाई रू.५,०००।- बैठक भत्ता वापत प्रदान गरिएको दरले जम्मा रकम रु.५५५,०००।- (अक्षरेपि पाँच लाख पच्पन्न हजार रुपैया) मात्र साथै मसलन्द खर्च वापत ५,९०,०००।-(अक्षरेपि पाँच लाख नब्बे हजार रुपैया) मात्र भुक्तानि दिइएको छ । त्यस्तै गरि कम्पनीका कार्यकारी अध्यक्ष लाई पारिश्रमिक, वापत रु. १४,०७,६३४।- (अक्षरेपि चौध लाख सात हजार छ सय चौतिस रुपैया) मात्र, प्रबन्ध सञ्चालकलाई पारिश्रमिक, दशै खर्च तथा कर्मचारी बोनस आ.ब. २०७८/७९ वापत रु. १७,११,७७२।- (अक्षरेपि सत्र लाख एघार हजार सात सय बहत्तर रुपैया) मात्र, बित्त निर्देशकलाई पारिश्रमिक, वापत रु. ४,७७,९००।- (अक्षरेपि चार लाख सतहत्तर हजार नौ सय रुपैया) मात्र, यसैगरि स्थानिय निर्देशकलाई रु.१६,८०,२२६।-(अक्षरेपि सोह्र लाख असि हजार दुई सय छब्बिस रुपैया) मात्र भुक्तनि गरिइको छ ।

**फ) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकमः**

आ.व. २०७३/७४: ३२,४१,६०८।७५

आ.व. २०७४/७५: ३२,४२,५४९।५०

आ.व. २०७५/७६ : ५४,८०,७२५।६८

आ.व. २०७६/७७ : ३६,०७,९३२।६८

**ब) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको विवरणः**

वित्तिय बिवरण अनुसार ।

**भ) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबिच भएको कारोबारको विवरणः**

जानकारी नभएको ।

**म) यस ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितिको प्रतिवेदन खुलाउनु पर्ने अन्य कुनै कुरा :**

नभएको ।

**य) अन्य आवश्यक कुराहरुः**

**१) मानव संशाधन व्यवस्था**

**शेयरधनी महानुभावहरु,**

यस कम्पनीको आयोजनामा चौबिसै घण्टा निरन्तर विद्युत उत्पादन भईरहने हुनाले आयोजनास्थलमा आवश्यक दक्ष तथा अर्धदक्ष एवं अनुभवी कर्मचारीहरुको व्यवस्था गरिएको छ। त्यसै गरी प्रशासनिक तथा लेखा सम्बन्धी कार्यमा पनि अनुभवी र दक्ष जनशक्तिको व्यवस्था गरिएको छ। कर्मचारी व्यवस्थापनको लागि "कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी विनियमावली (२०७६ मा संसोधित)" सञ्चालक समितिबाट स्विकृत गराई लागु गरिएको छ ।

**२) वित्तिय व्यवस्था तथा कर्जा भुक्तानी व्यवस्था**

CamScanner

यस कम्पनीले तल्लो मोदी-१ जलविद्युत आयोजना निर्माणको लागि सिटिजन्स बैंक इन्टरनेशनल लि. को अगुवाइमा गठन भएको सहवित्तियकरण मार्फत परियोजना कर्जा लिई निमार्ण सम्पन्न गरेको र विद्युत उत्पादन पश्चात नियमित रुपमा बैंकको साँवा समेत भुक्तानी गर्दै आएको छ । यस कम्पनीले गत वर्षहरुमा बैंकलाई बुझाएको निर्माण अवधिमा लिएको कर्जा र यस आ.ब. मा स्विकृत कर्जाको साँवा तथा व्याज निम्नानुसार रहेको छ ।

| बिवरण | २०७९/८० (रु.) | २०७८/७९ (रु.) |
|---|---|---|
| आ.व. शुरुको कर्जा मौज्दात | १,०६०,८५०,५३१ | ७६९,९५२,१४४ |
| चालु आ.व. मा साँवा भुक्तानी | १५०,१७३,४७३ | १२५,३९१,६६९ |
| आ.व. को अन्त्यमा बाँकी कर्जा मौज्दात | ९३१,५९२,९३८ | १,०६०,८५०,५३१ |
| चालु आ.व. मा ब्याज भुक्तानी | ११९,००७,३०८ | ९६,०४०,१५६ |
| सवारी कर्जाको बाँकी मौज्दात | - | १,६१६,६०१ |

यस परियोजना कर्जाको बाँकी रहेको कर्जा रकम भूक्तानी तालिका अनुसार सोही बमोजिम कर्जा भूक्तानी गर्दै लगिनेछ । यसका साथै कम्पनीले यसै सहवित्तियकरणबाट चालु पूँजी व्यवस्थापन गर्न रु. चार करोड बराबरको स्वीकृत सीमा रहेको ओभरड्राफ्ट सुविधा लिएको छ।

**३. बीमा व्यवस्थाः**

यस कम्पनीको विद्युतगृह स्थल, विद्युतिय उपकरण तथा सिभिल संरचाना आदि सम्पतिको सबै किसिमको जोखिम व्यहोर्ने गरी कुल बिमांक रु. १ अर्ब ५७ करोडको बीमा गरिएको छ। सो बाहेक विद्युत उत्पादन कार्य ३० दिन भन्दा बढी दैवी प्रकोप वा अन्य कारणले बन्द भएमा सो बाट पर्ने व्यवसायिक क्षतिको समेत दावी भुक्तानी पाउने गरी रु. २१.०९ करोडका Loss of Profit बीमा व्यवस्था गरिएको छ ।

**र) धन्यवाद ज्ञापन,**

**अन्त्यमा,**

यस साधारण सभाको अवसरमा यस कम्पनीले प्रवर्द्धन तथा सञ्चालन गरेको तल्लो मोदी - १ जलविद्युत आयोजनामा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा निरन्तर सहयोग गरिरहनु भएका सम्पूर्ण सरकारी निकाय, गैर सरकारी निकाय र व्यक्तिहरु कम्पनीको तर्फबाट आभार व्यक्त गर्न चाहान्छु । अन्त्यमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई कम्पनी र कम्पनीको सञ्चालक समिति प्रति देखाउनु भएको सहयोग, सद्भाव र अपार विश्वासलाई भविष्यमा पनि कायम राख्ने प्रतिवद्धता सहित धन्यवाद ज्ञापन गर्दै सञ्चालक समितिको तर्फबाट प्रस्तुत गरिएको आ.व. २०७९/८० को प्रतिवेदन माथि छलफल सहित अनुमोदनको लागि प्रस्तुत गर्दछु ।

धन्यवाद ।

.....................................

सञ्चालक समितिको तर्फबाट,
नरेन्द्र बल्लभ पन्त
कार्यकारी अध्यक्ष

CamScanner

**धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित अनुसूचि (१५) बमोजिमको वार्षिक बिबरण :**

**१. सञ्चालक समितिको प्रतिवेदन :**
संलग्न गरिएको ।

**२. लेखापरीक्षणको प्रतिवेदन :**
संलग्न गरिएको ।

**३. लेखापरीक्षण भएको बित्तिय बिबरण :**
संलग्न गरिएको ।

**४. कानुनी कारवाही सम्बन्धी बिबरण :**

क) त्रैमासिक अवधिमा यस कम्पनीले वा कम्पनीको विरुद्ध कुनै मुद्दा दायर गरेको वा भएको छैन ।

ख) यस कम्पनीको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

ग) यस कम्पनीको कुनै संस्थापक वा सञ्चालक विरुद्धमा आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**५. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको बिबरण :**

**क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयर कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :**

यस कम्पनी मिति २०७४।०२।०७ गते नेपाल स्टक एक्सचेन्ज लि. मा सूचिकृत भई मिति ०७४।०२।१६ गते देखि कम्पनीको सर्वसाधारण समुहको शेयर कारोवार शुरु भएको हो । श्री नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि. को निर्देशन तथा समन्वयमा प्रचलित नीति, नियम तथा निर्देशन भित्र रहेर शेयर कारोवार सम्बन्धी कार्य गरिदैं आइएको छ ।

**ख)आ.व २०७९/८० को प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयर कारोवारको बिबरण :**

| अवधि | अधिकतम मुल्य(रु.) | न्यूनतम मुल्य(रु.) | अन्तिम मुल्य(रु.) | कारोवार भएको कुल दिन | कारोवार संख्या | कारोवार भएको कुल शेयर संख्या | कुल कारोवार रकम (रु.) |
|---|---|---|---|---|---|---|---|
| प्रथम त्रैमासिक | ३३४।०० | २१८।०० | २२१।०० | ६५ | १८,२८० | ४,६१८,८८० | १,३१७,५७२,४९३।९० |
| दोश्रो त्रैमासिक | ३०१।०० | २०७।८० | २७१।०० | ५२ | १०,४८१ | २,८६४,८७८ | ७०९,५९९,१८१।६० |
| तस्रो त्रैमासिक | २९९।०० | २२९।०० | २५२।०० | ५७ | १२,७९१ | ३,०९७,०४५ | ८४१,७४७,३१५।८० |

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| चैथो त्रैमासिक | २५७।०० | २०५।०० | २१३।०० | ६२ | ८,७३२ | १,९३३,८५७ | ४४६,१२१,५४८।७० |

### ६. समस्या तथा चुनौती :

### क) आन्तरिक समस्या तथा चुनौती :

- जनशक्तिको व्यवस्थापन तथा दक्ष जनशक्तिको उपलब्धताको चुनौतीहरु ।
- यन्त्र उपकरण मर्मतसम्भार तथा प्रसारण प्रणालीसँग सम्बन्धित चुनौतीहरु ।

### ख) बाह्य समस्या तथा चुनौती :

- हाइड्रोलोजी तथा भौगर्विक अवस्थामा हुने परिवर्तनको चुनौती ।
- प्रसारण तथा बितरण प्रणालीमा आइरहने नियमित प्राविधिक समस्याहरु ।
- ऐन, कानुन तथा नीतिहरुमा हुने परिवर्तनको चुनौती ।
- राजनीतिक अस्थिरताको चुनौती ।
- वैदेशिक विनिमय दर तथा व्यापार नीतिहरुमा हुने परिवर्तनको चुनौती ।

### ग) समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति :

व्यवस्थापनले कम्पनीको उद्देश्य प्राप्तिको मार्गमा आइपर्ने चुनौतीहरुको समयमै पहिचान गरी चुस्त रुपले निराकरण गर्ने कार्यनीति तय गरी अघि बढ्ने गरिएको छ । यसका साथै सञ्चालक समितिबाट प्राप्त निर्देशनहरु एवं अन्य सम्बद्ध व्यक्ति तथा निकायहरुबाट प्राप्त हुने राय सरसल्लाह तथा सहयोग समेतको सदुपयोग गरी आइपर्ने समस्या तथा चुनौतीहरुको समाधान गर्ने प्रकृया अवलम्बन गरिदै आएको छ ।

### ७. संस्थागत सुशासन :

कम्पनीमा संस्थागत सुशासन कायम राख्न व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ। कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरु न्यूनिकरण गर्न नीति निर्देशिकाहरु सञ्चालक समितिले पारित गरी लागु गर्दै आएको छ। कम्पनी ऐन २०६३ को प्रावधान बमोजिम कम्पनीका सञ्चालकको अध्यक्षतामा लेखापरीक्षण समिति गठन गरिएको छ । यसका साथै प्रचलित कानुन नियमन निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखापरीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदैं आएको छ ।

CamScanner